# अनुसूची २

दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

# गलकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्ड- ७ संख्या- ५ मिति: २०८१/०८/२५

## भाग २

## गलकोट नगरपालिकाको

## उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

## गलकोट नगरपालिकाको उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

**प्रस्तावना**

गलकोट नगरपालिका भित्र सञ्चालन गर्न सकिने कृषि तथा पशुपन्छी पालन व्यवसायलाई मर्यादित एवम् व्यवस्थित गर्दै युवाहरुलाई उत्पादनमा आकर्षित गरी स्वरोजगार प्रवर्द्धन मार्फत युवाहरुको विदेश पलायनलाई न्यूनीकरण गर्दै नगरपालिकाको आर्थिक तथा सामाजिक रुपान्तरणमा टेवा पुर्याउने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी गलकोट नगर कार्यपालिकाले मिति २०८/०८/०६ गतेको कार्यपालिकाको बैठक बाट निर्णय गरि " उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" स्वीकृत गरी लागू गरेको छ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**(१) यो कार्यविधिको नाम " **उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८१"** हुनेछ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषा** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. **"कार्यालय"** भन्नाले गलकोट नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्नेछ।

ख. **"वडा कार्यालय"** भन्नाले गलकोट नगरपालिका अन्तर्गतका वडा कार्यालयहरूलाई सम्झनु पर्नेछ।

ग. **"शाखा"** भन्नाले गलकोट नगर कार्यपालिकाको कार्यालयमा रहेको कृषि विकास शाखा र पशु सेवा शाखालाई सम्झनु पर्नेछ ।

घ. **"सेवा केन्द्र"** भन्नाले गलकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट सञ्चालन हुने कृषि तथा पशुपन्छी सेवा प्रसार कार्यको लागि कृषकहरूले सम्पर्क गर्ने फिल्ड स्तरमा रहेका इकाई कार्यालयलाई सम्झनु पर्नेछ।

ङ. **"प्रमुख"** भन्नाले गलकोट नगरपालिकाको प्रमुखलाई सम्झनु पर्नेछ।

च. **"उप-प्रमुख"** भन्नाले गलकोट नगरपालिकाको उप-प्रमुखलाई सम्झनु पर्नेछ।

छ. **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गलकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्नेछ।

ज. **"शाखा प्रमुख"** भन्नाले गलकोट नगर कार्यपालिकाको कार्यालय, पशु सेवा शाखा प्रमुख र कृषि विकास शाखा लाई सम्झनु पर्नेछ ।

झ. **"पशुपन्छी पालन व्यवसाय"** भन्नाले व्यवसायिक रुपमा पशुपन्छी पालन गरेका, पशुपन्छी जन्य वस्तुको उत्पादन, बजारीकरण गर्ने गरी स्थापना भएको व्यवसायलाई सम्झनु पर्नेछ ।

ञ. **"कृषि व्यवसाय"** भन्नाले व्यवसायिक रुपमा गरिएको तरकारीको उत्पादन, बजारीकरण गर्ने गरी स्थापना भएको व्यवसायलाई सम्झनु पर्नेछ ।

ट. **"अनुदान"** भन्नाले पशुपन्छी पालन सम्बन्धी र तरकारी खेतीमा उत्पादन, विभिन्न आविष्कार मूलक उद्योग स्थापना मार्फत उत्पादन वृद्धिका लागि प्रयोग हुने औजार उपकरणहरु प्रशोधन, मूल्य अभिवृद्धि, बजारीकरण लगायतका कार्यहरुमा अनुदान प्रदान गरिने नगद वा वस्तुगत सहयोगलाई सम्झनु पर्नेछ।

ठ. **"लाभग्राही"** भन्नाले यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने कृषक/उद्यमीलाई सम्झनु पर्नेछ।

## परिच्छेद २

**३. <u>कार्यक्रम सञ्चालनका उद्देश्यहरू :</u>**

(१) यस कार्यविधिमा अन्यत्र उल्लेख भएकोमा बाहेक उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालनको उद्देश्य देहाय बमोजिम रहनेछ :

क. पशुजन्य पदार्थहरु ( दूध, मासु )तथा कृषि जन्य ( तरकारी) उत्पादनमा आबद्ध कृषकहरुको मनोबल उच्च राखी निजहरुको लगानीलाई सुनिश्चितता प्रदान गर्नु ।

ख. किसानहरुलाई सहकारीमा आबद्ध गराई उत्पादित कृषि तथा पशुजन्य उपजहरुलाई सहकारी मार्फत बजारमा विक्री गर्नुका साथै उपभोक्ता समक्ष उत्पादनको आदान प्रदान सेवा प्रदान गर्नु ।

ग. सेवा मुलक वस्तुहरुको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने साथै उत्पादन लागत घटाई गरिबी न्यूनीकरणमा टेवा पुर्याउनु।

**४. <u>उत्पादनमा आधारित अनुदान कार्यक्रमका क्षेत्रहरु:</u>**

(१) उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन हुने क्षेत्र देहायअनुसार हुनेछनः

क. गाईभैसी पालन गरी दूध उत्पादन गरी दूध वा दूग्ध जन्य पदार्थ बिक्री।

ख. तरकारी खेती गरी बिक्री ।

५. **<u>उत्पादनमा आधारित अनुदानका कार्यक्रमका मापदण्डहरु :</u>**(१) दफा (४) बमोजिमको लगानीका क्षेत्रमा कार्य गरिरहेका वा वैदेशिक रोजगारीबाट फर्केका नागरिकहरुले देहाय बमोजिमको मापदण्ड पुरा गरेको पाईएमा यस कार्यक्रममा सहभागी गराइनेछ ।

१. गाई भैसीपालन तर्फः

क. लघु उद्यमीः ३-४ वटा दुहुना गाई वा भैसी पालन गरी दूध वा दूग्धजन्य पदार्थ बिक्री गरेको हुनुपर्नेछ ।

ख. साना उद्यमीः ५ देखि ८ वटा दुहुना गाई वा भैसी पालन गरी दूध वा दूग्धजन्य पदार्थ बिक्री गरेको हुनुपर्नेछ ।

ग. मझौला उद्यमीः ९ देखि १३ वटा दुहुना गाई वा भैसी पालन गरी दूध वा दूग्धजन्य पदार्थ बिक्री गरेको हुनुपर्नेछ ।

घ. व्यवसायिक उद्यमीः १४ वटा वा सो भन्दा बढी दुहुना गाई वा भैसी पालन गरी दूध वा दूग्धजन्य पदार्थ बिक्री गरेको हुनुपर्नेछ ।

२. तरकारी खेती तर्फः

ङ. लघु उद्यमीः १ रोपनी खुल्ला क्षेत्रमा तरकारी खेती गरेको वा २ वटा टनेलमा तरकारी खेती गरि मासिक ५० किलो भन्दा बढी तरकारी उत्पादन गरी व्यक्तिगत फर्म/समूह /सहकारी मार्फत बिक्री गरेको हुनुपर्नेछ ।

च. साना उद्यमीः २ रोपनीमा खुल्ला क्षेत्रमा तरकारी खेती गरेको वा ४ वटा टनेलमा तरकारी खेती गरि मासिक १०० किलो भन्दा बढी तरकारी उत्पादन गरी व्यक्तिगत फर्म/समूह /सहकारी मार्फत बिक्री गरेको हुनुपर्नेछ ।

छ. मझौला उद्यमीः ४ रोपनीमा खुल्ला क्षेत्रमा तरकारी खेती गरेको वा ५ भन्दा बढी टनेलमा तरकारी खेती गरि मासिक २०० किलो भन्दा बढी तरकारी उत्पादन गरी व्यक्तिगत फर्म/समूह /सहकारी मार्फत बिक्री गरेको हुनुपर्नेछ ।

ज. व्यवसायिक उद्यमीः ८ रोपनीमा खुल्ला क्षेत्रमा तरकारी खेती गरेको वा ८ भन्दा बढी टनेलमा तरकारी खेती गरि मासिक ४०० किलो भन्दा बढी तरकारी उत्पादन गरी व्यक्तिगत फर्म/समूह /सहकारी मार्फत बिक्री गरेको हुनुपर्नेछ ।

झ. ( नोटः लघु उद्यमीको हकमा व्यवसाय दर्ता नभएका कृषकहरु पनि समावेश हुन पाउनेछन् ।)

**परिच्छेद ३**

**कार्यक्रम सञ्चालन प्रक्रिया**

**६. <u>सूचना प्रकाशन:</u>**(१)उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालनका लागि नगरपालिकाले व्यक्तिगत फर्म/समूह/सहकारी मार्फत् प्रस्ताव माग गरी १५(पन्ध्र) दिनको समय दिई सूचना प्रकाशन गर्नेछ।

**७. <u>प्रस्ताव पेश गर्ने :</u>**

(१) उपदफा (१) बमोजिम पेश गर्ने प्रस्ताव अनुसूची ३ बमोजिमको ढाँचामा देहायका कागजात संलग्न राखी विद्युतीय माध्यमबाट समेत पेश गर्न सकिनेछ।

क. व्यहोरा खुलेको निवेदन(अनुसूची २ बमोजिमको)

ख. प्रस्तावनापत्र (अनुसूची ३ बमोजिमको)

ग. निवेदक लगायत अन्य साझेदार व्यक्तिहरुको नागरिकताको प्रतिलिपि

घ. सम्बन्धित वडा कार्यालयबाट विवरण खुलाईएको सिफारिस पत्र

ङ. पशुधनको सुरक्षाका लागि पशु वीमा गरिएको वीमा लेखको प्रतिलिपि। (छनोट भएपछी मात्र )

च. गलकोट नगरपालिकामा र अन्य सम्बन्धित निकायमा गरिएको व्यवसाय दर्ता, नवीकरण, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

छ. कुनैपनि सरकारी निकाय वा संस्थाको कालो सूचीमा नरहेको स्व:घोषणा

(२) यस दफा बमोजिम पेश भएको प्रस्तावमा समावेश गरिएका सबै कागजात तथा विवरणहरु सत्य छन भनी सम्बन्धित प्रस्तावकले स्व:घोषणा गर्नुपर्नेछ।

**८. <u>अनुदान तथा सेवा सुविधाहरु:</u>**

उत्पादनमा आधारित अनुदान कार्यक्रममा सहभागी कृषकहरुलाई स्थलगत रुपमा फार्मको अनुगमन पश्चात छनोट भए नभएको सूचना प्रकाशन गरि निम्न बमोजिमका अनुदान तथा सेवा सुविधाहरु उपलब्ध गराईनेछ।

**८.१ कृषकहरुलाई उद्यमीका आधारमा निम्नानुसार अनुदान अपलब्ध गराईनेछ।**

क. लघु उद्यमीः यस वर्गका कृषकलाई प्रोत्साहन स्वरूप विवरण/कागजात तथा अनुगमनका आधारमा रु २००००। (अक्षरुपी बिस हजार रुपयाँ )सम्म अनुदान प्रदान गर्न सकिनेछ।

ख. साना उद्यमीः यस वर्गका कृषकलाई प्रोत्साहन स्वरूप विवरण/कागजात तथा तथा अनुगमनका आधारमा रु ३००००। (अक्षरुपी तिस हजार रुपयाँ ) सम्म अनुदान प्रदान गर्न सकिनेछ।

ग. मझौला उद्यमीः यस वर्गका कृषकलाई प्रोत्साहन स्वरूप विवरण/कागजात तथा अनुगमनका आधारमा रु ४५०००। (अक्षरुपी पैचालिस हजार रुपयाँ ) सम्म अनुदान प्रदान गर्न सकिनेछ।

**घ.** व्यवसायिक उद्यमीः यस वर्गका कृषकलाई प्रोत्साहन स्वरूप विवरण/कागजात तथा अनुगमनका आधारमा रु ६००००। (अक्षरुपी साठी हजार रुपयाँ ) सम्म अनुदान प्रदान गर्न सकिनेछ।

## परिच्छेद ४
## विविध

**९. कारबाहीको व्यवस्था :**

(१) अनुदान प्राप्त गर्ने उद्देश्यले झुट्टा विवरण पेश गरेको, उद्देश्य अनुरूप कार्य नगरेको वा अनुदान दुरुपयोग गरेको प्रमाणित भएमा कार्यालयले त्यस्तो अनुदानग्राहीलाई कालो सूचीमा समावेश गरी अनुदान रकम सरकारी बाँकी सरह असुल उपर गर्नेछ।

**१०. अभिलेख राख्ने :** यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने अनुदानग्राहीको अभिलेख कार्यालयले राख्नेछ।

**११. बाधा अड्काउ फुकाउने अधिकार :** यस कार्यविधिमा उल्लिखित कुराहरुमा कुनै दुबिधा भएमा सो को व्याख्या गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ।कार्यविधिमा उल्लेख भए बाहेकका अन्य विषयहरु प्रचलित कानुन बमोजिम हुनेछन।

**१२. कार्यविधिमा संशोधन :** यस कार्यविधिमा उल्लिखित कुनै विषय संशोधन गर्नुपरेमा नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

## अनुसूची १

दफा ६ सँग सम्बन्धित

उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालनको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८...../../..

यस गलकोट नगरपालिका अन्तर्गत आ.व. मा वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत सञ्चालन गरिने उत्पादनमा आधारित अनुदान कार्यक्रमको लागि ईच्छुक नगरपालिका भित्रका कृषक/कृषि फर्मले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा तोकिएको ढाँचामा विवरण भरी देहाय अनुसारको कागजातहरू र निवेदन सहित गलकोट नगरपालिका नगरकार्यपालिकाको कार्यालय को कृषि तथा पशु सेवा शाखामा निवेदन पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| **क्र** | **अनुदानको क्षेत्र** | **साझेदारी अनुदान सहयोग का क्षेत्र** | **आवश्यक कागजात** | **कैफियत** |
|---|---|---|---|---|
| १ | कृषि तथा पशु सेवा क्षेत्र | गाई भैसी पालन, तरकारी खेती, | क. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि,<br>ख. अनुसूची २ बमोजिमको निवेदनको ढाँचा<br>ग. अनुसूची ३ बमोजिमको कार्य योजना प्रस्तावना,<br>घ. सम्बन्धित वडाकार्यालयको सिफारिस पत्र।<br>ङ. सम्बन्धित निकायमा गरिएको दर्ता प्रमाणपत्रको प्रतिलिपि<br>च. करचुक्ता प्रमाण पत्रको प्रतिलिपि/ अडिट रिपोर्ट | |

**थप जानकारीका लागि सम्पर्क**

गलकोट नगरपालिका नगरकार्यपालिकाको कार्यालय गलकोट, बागलुङ।

सम्पर्क नं. ०६८४१२१११

ईमेलः galkotmunicipality@gmail.com

वेबसाईटः www.galkotmun.gov.np

**अनुसूची-२**

(दफा ७ को उपदफा १ सँग सम्बन्धित)

**कार्यक्रम माग निवेदन**

मितिः ...............................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,

गलकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

गलकोट, बागलुङ ।

**विषयः उत्पादनमा आधारित अनुदान कार्यक्रममा समावेश गरिदिनुहुन ।**

तहाँ कार्यालयको मिति …………………….........मा प्रकाशित सूचना अनुसार उत्पादनमा आधारित अनुदान कार्यक्रमको लागि गलकोट नगरपालिका वडा नं ........निवासी .......... ………………………ले. ………………… …….. लाई अनुदान / प्रोत्साहन कार्यक्रममा समावेश गरिदिनुहुन आवश्यक कागजात सहित यो निवेदन पेश गर्दछु ।

निवेदक

दस्तखतः

नामः

ठेगाना:

सम्पर्क नं.

संस्थाको नामः

संस्थाको छाप

**अनुसूची- ३**

(दफा ७ को उपदफा १ सँग सम्बन्धित)

**व्यवसायको कार्य योजना प्रस्तावको ढाँचा**

**१. प्रस्तावकको व्यक्तिगत विवरण :**

क) नाम..............................

ख) ठेगाना

जिल्ला :गलकोट न.पा./:बागलुङ वडा नं. :.............. टोल :..................

ग) संस्था तथा फर्मको नाम :...................................................................

घ) स्थायी लेखा नम्बर :..........................................................................

ङ) ठेगानाः फर्म रहेको स्थानको

जिल्ला :गलकोट न.पा./:गलकोट वडा नं. :.............. टोल :..................

च) पारिवारिक विवरण :.

पुरूष :.................महिला :...................जम्माः.......................

छ) सम्पर्कः.......................................

ज) व्यवसाय सञ्चालन भएको स्थान :...............................................................

झ) अन्य संस्था वा निकायबाट सहयोग प्राप्त गरेको भए सो रकम :...............................................

**२. कार्य अनुभव भए उल्लेख गर्ने**

सम्बन्धित क्षेत्रको कार्यानुभव ......................वर्ष / महिना

**३. उद्यम तथा व्यवसायको हालको अवस्था :**

| **क्र.सं.** | **हालको व्यवसाय** | **हाल लगाई रहेको तरकारीको क्षेत्रफल** | | | **जम्मा क्षेत्रफल** | **वार्षिक उत्पादन** | **वार्षिक कूल अनुमानित आम्दानी (रु.)** |
|---|---|---|---|---|---|---|---|
| | | मौसमी | बेमौसमी | परम्परागत | | | |
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |

| **क्र.सं.** | **हालको व्यवसाय** | **पशु संख्या** | **कूल जम्मा पशु** | **वार्षिक उत्पादन** | **वार्षिक कूल अनुमानित आ** |
|---|---|---|---|---|---|

| | | | | | संख्य | | म्दानी (रु.) |
|---|---|---|---|---|---|---|---|
| | | माउ भैसी/गाई | दुहुना गाई भैसी | पाडापाडी/ वाच्छा वाच्छी | | | |
| १. | | | | | | | |
| २. | | | | | | | |

**अनुसूची- ४**

(दफा ७ को उपदफा १ सँग सम्बन्धित)

**वडा कार्यालयको सिफारिस**

मितिः ...............................

गलकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
गलकोट, बागलुङ।

**विषयः सिफारिस सम्बन्धमा।**

तहाँ कार्यालयको मिति ………………… ..........मा प्रकाशित सूचना अनुसार उत्पादनमा आधारित अनुदान कार्यक्रमको लागि गलकोट नगरपालिका वडा नं ........निवासी .......... ……………………. ……………………..फर्मलाई उत्पादनमा आधारित अनुदान / प्रोत्साहन( तरकारी/ दूध )कार्यक्रममा समावेश गरिदिनुहुन सिफारिस साथ अनुरोध छ साथै निजले उपलब्ध गराएको विवरणको आधारमा निवेदकको फर्ममा तपसिल अनुसारको पशुपन्छी/ तरकारी खेती सम्बन्धी विवरण भएको व्यहोरा समेत जानकारी का लागि अनुरोध छ।

तपसिलः

| **क्र.सं.** | **हालको व्यवसाय** | **हाल लगाई रहेको तरकारीको क्षेत्रफल** | | | **जम्मा क्षेत्रफल** | **वार्षिक उत्पादन** | **वार्षिक कूल अनुमानित आम्दानी (रु.)** |
|---|---|---|---|---|---|---|---|
| | | मौसमी | बेमौसमी | परम्परागत | | | |
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | | | | | | | |

| क्र.सं. | हालको व्यवसाय | पशु सख्या | | | कूल जम्मा पशु संख्या | वार्षिक उत्पादन | वार्षिक कूल अनुमानित आम्दानी (रु.) |
|---|---|---|---|---|---|---|---|
| | | माउ भैंस / गाई | दुहुना गाई भैंसी | पाडापाडी /वाच्छा वाच्छी | | | |
| १. | | | | | | | |
| २. | | | | | | | |

## अनुसूची- ५

(दफा ८ सँग सम्बन्धित)

### उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमको अनुगमनका लागि चेकलिष्ट

**१. प्रस्तावकको व्यक्तिगत विवरण :**

क) सञ्चालकको नाम..............................

ख) ठेगाना

ग) संस्था तथा फर्मको नाम :......................................................................

घ) स्थायी लेखा नम्बर :...............................................................................

ङ) पुरूष :.................महिला :...................जम्मा:.......................

ज) व्यवसाय सञ्चालन भएको स्थान :...............................................................

**२. कार्य अनुभव भए उल्लेख गर्ने**

सम्बन्धित क्षेत्रको कार्यानुभव ......................वर्ष / महिना

**३. उद्यम तथा व्यवसायमा देखिएको अवस्था :**

| क्र.सं. | हालको व्यवसाय | हाल लगाई रहेको तरकारीको क्षेत्रफल | जम्मा क्षेत्रफल | वार्षिक उत्पादन | वार्षिक कूल अनुमानित आम्दानी (रु.) |
|---|---|---|---|---|---|

| | | मौसमी | बेमौसमी | परम्परागत | | | |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |

| **क्र.सं.** | **हालको व्यवसाय** | **पशु संख्या** | | | **कूल जम्मा पशु संख्या** | **वार्षिक उत्पादन** | **वार्षिक कूल अनुमानित आम्दानी (रु.)** |
|---|---|---|---|---|---|---|---|
| | | माउ भैंसी /गाई | दुहुना गाई भैंसी | पाडापाडी /वाच्छा वाच्छी | | | |
| १. | | | | | | | |
| २. | | | | | | | |

**अनुगमनकर्ता १.**
**२.**
**३.**

**आज्ञाले**
घनश्याम गौतम
प्रमुख प्रशासकीय अधिकृत
मितिः २०८१/०८/२५